# सूचनाको हक सम्बन्धी केन्द्रीय समन्वय इकाइ र कार्यान्वयन अनुगमन इकाइको गठन तथा काम, कर्तव्य र अधिकारः-

सूचनाको हक सम्बन्धी ऐन, २०६४ का प्रावधानहरुलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न गराउन नेपाल सरकारले देहाय बमोजिमको सूचनाको हक सम्बन्धी इकाइहरु गठन गरी तिनको काम, कर्तव्य र अधिकार तोकेको छ -

१) केन्द्रीय समन्वय इकाइः- देहाय बमोजिम सूचनाको हक सम्बन्धी केन्द्रीय समन्वय इकाइ गठन गरिएको छ :-

(क) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- संयोजक
(ख) सचिव, सूचना तथा सञ्चार मन्त्रालय- सदस्य
(ग) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य

२) केन्द्रीय समन्वय इकाइको काम, कर्तव्य र अधिकारः- केन्द्रीय समन्वय इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) सूचनाको हकसम्बन्धी ऐन,२०६४ का प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने ।

ख) सूचनाको वर्गीकरणसम्बन्धी काममा सहयोग गर्ने, गराउने ।

ग) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट सम्पादन हुने सूचनाको हकसम्बन्धी काम कारवाही सम्बन्धमा प्रगति प्राप्त गरी एकीकृत प्रतिवेदन ६/६ महिनामा तयार गरी नेपाल सरकारलाई दिने ।

घ) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट सूचनाको हकसम्बन्धी प्रावधानहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने, गराउने ।

ङ) सूचनाको हक सम्बन्धी नीतिगत विषयमा नेपाल सरकारलाई राय, सल्लाह र सुझाव दिने ।

च) सूचनाको हक कार्यन्वयन सम्बन्धमा विभिन्न मन्त्रालय/आयोग/सचिवालय बीच समन्वय गर्ने ।

छ) सूचना अधिकारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने, गराउने ।

ज) सूचनाको हक कार्यान्वयन सम्बन्धमा नेपाल सरकारबाट प्राप्त निर्देशनहरु पालना गर्ने, गराउने ।

३) <u>सूचनाको हकको कार्यान्वयन अनुगमन इकाइ</u>:- देहाय बमोजिम रहने गरी कार्यान्वयन अनुगमन इकाइ गठन गरिएको छ :-

| | |
|---|---|
| क) सचिव, सूचना तथा सञ्चार मन्त्रालय- | संयोजक |
| ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- | सदस्य |
| ग) महानिर्देशक, हुलाक सेवा विभाग- | सदस्य |
| घ) महानिर्देशक, सूचना विभाग- | सदस्य |
| ङ) सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय- | सदस्य-सचिव |

४) <u>कार्यान्वयन अनुगमन इकाइको काम, कर्तव्य र अधिकार</u>:- कार्यान्वयन, अनुगमन इकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) विभाग एवं जिल्लास्थित कार्यालयबाट सूचनाको हकसम्बन्धी विषयमा भए गरेका कामहरूको मासिक विवरण सङ्कलन गरी एकीकृत गर्ने ।

ख) जिल्लास्थित कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था भए नभएको अनुगमन गरी नभएको भए हुने व्यवस्था गर्न निर्देशन दिने ।

ग) सूचना प्रवाहको व्यवस्था सम्बन्धमा अनुगमन गर्ने, गराउने ।

घ) सूचना अधिकारीहरुको दक्षता अभिवृद्धि सम्बन्धी व्यवस्था गर्ने, गराउने ।

ङ) उपदफा (क) बमोजिमको एकिकृत विवरण चौमासिक रुपमा केन्द्रीय समन्वय समितिलाई उपलब्ध गराउने ।

च) केन्द्रीय समन्वय समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

५) <u>सचिवालय</u>:- केन्द्रीय समन्वय इकाइको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तथा कार्यान्वयन अनुगमन समितिको सचिवालय सूचना तथा सञ्चार मन्त्रालयमा रहनेछ ।